# राष्ट्रिय वृक्षारोपण दिवस मनाइयो

**हिमालय टाइम्स**

जनकपुरधाम, १४ असार



राष्ट्रिय वृक्षारोपण दिवस शुक्रबार विभिन्न कार्यक्रमका साथ मनाइएको छ । दिवसका अवसरमा देशका विभिन्न ठाउँमा वृक्षारोपण गरिएको छ । दिवसको अवसर पारेर मधेशका आठवटै जिल्लामा वृक्षारोपण गरिएको हो । डिभिजन वन कार्यालय धनुषाले आयोजना गरेको वृक्षारोपण कार्यक्रममा मधेशको वन तथा वातावरणमन्त्री त्रिभुवन साहले वृक्षारोपण कार्यक्रमको शुभारम्भ गर्नुभएको हो । मन्त्री साहले जनकपुर जटही ६ लेन सडक खण्डअन्तर्गत राष्ट्रिय वृक्षारोपण दिवस २०८१ को अवसर पारेर वृक्षारोपण गर्नुभयो ।

मधेश सरकारले राष्ट्रिय वृक्षारोपण दिवसका अवसरमा आयोजना गरेको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत 'एक व्यक्ति एक बिरुवा' अभियान सञ्चालनमा ल्याएको हो । यो अभियानअन्तर्गत मधेशको वन तथा वातावरण मन्त्रालयले ६५ लाख बिरुवा रोप्ने लक्ष्य लिएको मन्त्री साहले जानकारी दिनुभयो । यद्यपि वर्षभरमा एक करोड बढी वृक्षारोपण गर्ने लक्ष्य लिएको उहाँको भनाइ छ । रोपिएका बिरुवाहरूको संरक्षणका लागिसमेत मन्त्रालयले उचित कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मन्त्रालयका सचिव उद्धव घिमिरेले संरक्षणसहितको वृक्षारोपण गर्नु अहिलेको आवश्यकता रहेको बताउनुभयो । मधेशमा दिनदिनै वन विनाश भइरहेकाले बाढी पहिरोको समस्या बढ्दै गइरहेको र यसलाई नियन्त्रण गर्न वृक्षारोपणमात्र नभई रोपिएका बिरुवाहरूको संरक्षण गर्ने गरी वृक्षारोपण अभियान आठवटै जिल्लामा सञ्चालनमा ल्याइएको बताउनुभयो । मधेशमा १०१ हेक्टर जग्गामा डेढ लाख बढी बिरुवा रोपिएको घिमिरेले जानकारी दिनुभयो ।

धनुषाका डिभिजन वन अधिकृत बेचन चौधरीले धनुषाको ३० हेक्टर जग्गामा यो अभियानअन्तर्गत ५० हजार बढी वृक्षारोपण गरिने जानकारी दिनुभयो । अभियानअन्तर्गत मधेशको वन तथा वातावरण मन्त्रालयले ६५ लाख बिरुवा रोप्ने लक्ष्य राखेको छ ।

यस्तै, डिभिजन वन कार्यालयले राष्ट्रिय वृक्षारोपण दिवसको अवसर पारेर शुक्रबारदेखि बिरुवा रोप्ने कार्य थालेको छ । 'भावी सन्तति र समृद्धिका लागि वृक्षारोपण गरौँ' भन्ने मूल नाराका साथ डिभिजन वन कार्यालय दाङले घोराही उपमहानगरपालिका वडा नं. ४ सुनपुरस्थित सुनपुर सामुदायिक वनको खाली क्षेत्रमा वृक्षारोपण गरी यो वर्षको वृक्षारोपण कार्यको थालनी गरेको हो । सुनपुर सामुदायिक वनको खाली करिब एक हेक्टर वनमा 'अर्जुन' प्रजातिका एक सय बिरुवा लगाएर वृक्षारोपण कार्य थालिएको र उक्त क्षेत्रमा एक हजार ६ सय बिरुवा रोप्ने योजना रहेको छ ।

# स्रोत नखुलेको नगदसहित एकजना पक्राउ

**बारा ।** प्रहरीले हुण्डी कारोबारमा संलग्न एक भारतीयलाई पाँच लाख ५० हजार नगदसहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत बिहार पश्चिमी चम्पारण जिल्ला वेतिया ग्राम इनरूवा बजारका ३२ वर्षीय सितारामप्रसाद कुशवाहा छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले बिहीबार दिउँसो जगरनाथपुर गाउँपालिका-५ मसियानीस्थित सडकखण्डमा कुशवाहालाई नगदसहित पक्राउ गरेको थियो । मधेश प्रदेश ०३-०२६ प ५५९२ नम्बरको मोटरसाइकलमा सवार कुशवाहालाई रोकी खानतलासी गर्दा उनले चलाई ल्याएको मोटरसाइकलको दाहिने कार्वोरेटरभित्र लुकाइछिपाइ राखिएको स्रोत नखुलेको नेपाली एक हजार दरको नोट पाँच सय थान, पाँच सय नोट एक सय थान गरी कुल पाँच लाख ५० हजार रुपैयाँ बरामद भएको थियो ।


## अत्यन्त जरूरी सूचना

यस इम्प्रेसन पब्लिकेशन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित हिमालय टाइम्स नेपाली राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गर्नुभएका सम्पूर्ण विज्ञापन एजेन्सी, विज्ञापनदाता, संघसंस्थाहरुले विज्ञापन प्रकाशित गरे बापतको बाँकी बक्यौता रकम यहि २०८१ साल आषाढ मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा अनुरोध गर्दछौं ।

लेखा शाखा
इम्प्रेशन पब्लिकेशन एण्ड मिडिया प्रा.लि
मध्यबानेश्वर, काठमाडौं
सम्पर्क : ०१–४५८५४५५, ४५६६३९३ | फ्याक्स : ०१–४५७८१७७


# अल्लो र ढाकाका कपडा विदेश निर्यात

**ध्रुवसागर शर्मा/हिटा**

म्याग्दी, १४ असार



म्याग्दी जिल्लाका महिला उद्यमीहरूले हाते तानमा बुनेर तयार पारेका अल्लो र ढाकाका कपडाहरू विदेश निर्यात गरेर मनग्य आम्दानी गर्न थालेका छन् । बेनी नगरपालिका-७, मंगलाघाटकी उद्यमी लिला पुनले अल्लो र ढाकाबाट तयार पारेका टोपी, पछ्यौरा, रुमाल, पर्स, झोलालगायत सामग्री विदेशमा पठाएर यस वर्ष १५ लाख आम्दानी गर्नुभयो ।

उहाँले उत्पादन गरेका कपडाको अस्ट्रेलिया, जापान, युके, हङकङ, दक्षिण कोरिया, अमेरिकालगायत युरोपका देशबाट नियमित अर्डर आउने गरेको छ । विदेशमा रहेका नेपालीको रोजाइमा ढाकाबाट बनेका थरीथरीका डिजाइन पर्न थालेपछि महिला उद्यमी पुनलाई भ्याइनभ्याई छ ।

स्वदेश तथा विदेशबाट आउने मागअनुसार उत्पादन गर्न नसकेकी पुनले म्याग्दीका अन्य उद्यमीबाट समेत खरिद गरी विदेश पठाउने गरेको बताउनुभयो । उहाँले स्वदेशमा भन्दा धेरै विदेशमा बसोबास गर्ने नेपालीलाई बिक्री गर्ने गरेको जानकारी दिनुभयो । 'माग थेग्नै सकिँदै न, अहिले अल्लो र ढाकाबाट निर्मित सामग्रीहरूलाई बजारको अभाव छैन,' पुनले भन्नुभयो । उहाँले ग्राहकको रोजाइअनुसार ढाकाका कपडाहरू तयार गर्न सकेमा घरमै खरिद गर्न आउने बताउनुभयो ।

१८ वर्षअगाडि भकिम्ली हाल बेनी नगरपालिका-३ बाट रोजगारको खोजीमा सदरमुकाम बेनी आउनुभएकी पुन म्याग्दी जिल्लाकै सफल उद्यमीमात्रै होइन देशैभरि ढाका उद्यमी भनेर चिनिनुहुन्छ । विदेशमा ढाकाको कपडाको माग बढेसँगै आम्दानीसमेत बढेको पुनको भनाइ छ । 'विदेशमा नेपाली उत्पादन भनेर प्रचारप्रसार भइरहेको छ, अहिले कोशेली दिन पनि अल्लो र ढाकाकै कपडाबाट बनेका डिजाइनहरू प्रयोग हुन्छ,' पुनले भन्नुभयो ।

उहाँले मागअनुसारको उत्पादन गर्न मुस्किल भएपछि अहिले म्याग्दीका स्थानीय तह तथा विभिन्न जिल्लामा समेत पुगेर नयाँ उद्यमीलाई सीप सिकाउँदै आउनुभएको छ । ढाकासँगै अल्लोका कपडासमेत बिक्री गर्ने गरेकी पुन सीप, जाँगर र उद्यमीको परिचय दिन चाहनेलाई नि:शुल्क समेत तालिम दिनुहुन्छ । 'पैतलादेखि शिरसम्म लगाउन मिल्ने कपडा हाते तानबाट बुन्दै आएको छु,' पुनले भन्नुभयो ।

'तानमा बसेपछि समय बितेको पत्तै हुँदैन, अहिले प्रशिक्षणका लागि पनि माग आउने गरेको छ,' पुनले भन्नुभयो । अहिलेसम्म पुनले दुई हजारभन्दा बढी उद्यमीलाई अल्लो र ढाकाको प्रशिक्षणसमेत दिएको बताउनुभयो । 'म्याग्दीमा अल्लो र ढाकाका कपडा बुन्न ३० जना उद्यमी सक्रिय रहेका छौँ, वार्षिक एक करोड बढीका कपडा हामीले विदेश निर्यात गर्ने गर्दछौँ,' महिला उद्यमी पुनले भन्नुभयो ।

पुनबाहेक नेकसरा पुन, दिल घताने, विष्णु गुरूङका साथै पछिल्लो समय ग्रामीण क्षेत्रमा समेत स्थानीय तह, विभिन्न संघसंस्थाले तालिम दिन थालेपछि उद्यमीको संख्या ह्वात्तै बढेको छ । महिला उद्यमी दिल घतानेले अल्लो र ढाकाको उत्पादन बिक्री गर्ने महिलाहरू आर्थिक रूपमा समेत सम्पन्न रहेको बताउनुभयो ।

म्याग्दीका ढाका र अल्लो उत्पादनमा सक्रिय महिला उद्यमीका अनुसार वार्षिक एक करोडभन्दा बढी विदेशबाटै कमाइ हुने गरेको छ । बलियो, टिकाउ, जाडोमा न्यानो र गर्मीमा शीतल हुने भएकाले महँगो भए पनि अल्लो र ढाकाबाट उत्पादित वस्तु नै प्रयोग गर्ने गरेका छन् । म्याग्दी प्रवासी नेपाली संघ (मोना) अन्तर्राष्ट्रियका कोषाध्यक्ष नरेन्द्र फगामीले विदेशमा रहेका म्याग्देलीले ढाका र अल्लोका कपडाको बजारीकरण तथा प्रयोगमा सघाइरहेको बताउनुभयो । उहाँले अल्लोको कोट पाइन्ट, टोपी, सारीको प्रयोग गरी सार्वजनिक कार्यक्रमहरूमा सहभागिता जनाउने गरिएको जानकारी दिनुभयो ।

रोजगारी, पेशा र व्यवसायको सिलसिलामा विश्वका विभिन्न देश पुगेका म्याग्दीबासीले आफ्नो जन्मथलोको पहिचानका रूपमा अल्लो र ढाकाको कपडा प्रयोग गर्न थालेका हुन् । 'विदेशमा रहेका म्याग्देलीले चाडपर्व र सभा/समारोहमा ढाका र अल्लोबाट निर्मित कपडाको पहिरन प्रयोग गर्न थालेकाले यसको माग बढेको हो,' पुनले भन्नुभयो ।

उच्च पहाडी क्षेत्रमा पाइने अल्लो पुवालाई प्रशोधन गरेर बनाइएको धागो र ढाकाबाट साडी, सल, कुर्था, गलबन्दी, रुमाल, पर्स, चोलो, टोपी बनाउन सकिन्छ । म्याग्दीको कला, सीप र पहिचानलाई अन्तर्राष्ट्रियकरण गर्नका लागि म्याग्दी प्रवासी नेपाली संघ (मोना)ले ढाका र अल्लोका कपडा प्रवर्द्धनमा सघाएको उद्यमीहरूले बताएका छन् ।

एक मिटर ढाका र अल्लोको कपडालाई छ सयदेखि एक हजार पर्छ । एकजनाले एक दिनमा एक मिटरसम्म कपडा बुन्न सक्छन् । पहिला सादा कपडा बुन्दै आएका उद्यमीले पछिल्लो समय ग्राहकको मागअनुसार रंगीन र बुट्टेदार कपडासमेत बनाउन थालेका छन् ।

# उखु किसानलाई तालिम

**चन्द्रकान्त खनाल/हिटा**

बुटवल, १४ असार

घरेलु तथा साना उद्योग कार्यालय गुल्मीको आयोजना तथा रुरुक्षेत्र गाउँपालिकाको समन्वयमा पालिकाका उखु किसानलाई क्रस कटिङ तथा प्याकेजिङसँग सम्बन्धित तालिम प्रदान गरेको छ । तालिमको उद्घाटन गर्दै रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले पालिकाले उखुलाई ब्राण्डका रूपमा विकास गर्ने गरी योजना बनाएको बताउनुभयो । उहाँले निकट भविष्यमा पालिकाले योजना नै बनाएर उखु किसानलाई मुख्य प्राथमिकतामा राखेर काम गर्ने बताउनुभयो । तालिममा प्रमाणपत्र वितरण गर्दै अध्यक्ष ज्ञवालीले सिकेको सीपलाई व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सिकेको सीपलाई व्यवहारमा लागू गरी उद्यमशीलता विकास गर्नुपर्ने बताउनुभयो । आफूले सुनेको भन्दा केही फरक रहे पनि अब कृषकहरूले यसको गुणस्तरमा कमी हुन नदिन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, 'हामीले यहाँ उत्पादित गुणलाई अनुगमन गरेका छौँ, केही उद्योगलाई शिलसमेत गरेका छौँ । तर, अब कुनै पनि उद्योगबाट उत्पादित गुणलाई गुणस्तर कायम गराउन पालिकाले के गर्नुपर्छ आवश्यक सहयोगका लागि तयार छौँ ।'

कार्यक्रममा जिल्ला घरेलु तथा साना उद्योग कार्यालय गुल्मीका प्रमुख जीवन घिमिरेले आगामी दिनमा पनि किसानलाई व्यावसायिक बनाउनका लागि पहल गर्ने बताउनुभयो ।

## खोरङ्गा हाईड्रोपावर लिमिटेड

### सूचना

यस कम्पनीको मिति २०८१/०३/१४ मा बसेको विशेष साधारण सभाले हाल कायम शेयरधनीहरुको लागी १:०.५ को अनुपातमा हकप्रद शेयर दिने निर्णय गरेकोले मिति २०८१/०३/३० सम्म सम्पुर्ण शेयरधनीहरुले आफुले ग्रहण गरेको शेयरको ५० प्रतिशतको दरले हुने रकम यस कम्पनीमा जम्मा गर्नुहुन यसै सुचनाद्वारा जानकारी गराईन्छ । अन्यथा सो अवधि भित्र रकम जम्मा नगर्ने शेयरधनीहरुको शेयर प्रचलित कानुन बमोजिम गरीने व्यहोरा जानकारी गराईन्छ । सो सम्वन्धमा थप जानकारीको लागि शेयरधनीहरुले यस कम्पनीको कार्यालयको फोन नं ०१-५७०५६०८ वा ९८४७६९९६५५ मा सम्पर्क गर्नुहुन अनुरोध गरीन्छ ।

## वर्गीकृत डिस्प्ले

### कागजात हरायो

यहि मिति २०८१/०३/०२ गते लुभुबाट जावलाखेल आउने क्रममा मेरो निम्न व्यहोरा रहेको Nepal Nursing Council बाट जारी गरिएको Certificate of Registration प्रमाणपत्र हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

**नाम : पूर्ण माया नेम्वाङ**
**ठेगाना : दमक ५, झापा**
**रजिस्ट्रेसन नं. : ८६५६**
**सम्पर्क नं.: ९८०८४९६७३४**


वर्गीकृत डिस्प्लेको लागि सिधा सम्पर्क : ०१-४४७८१७७

विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरू:
काठमाण्डौ : ०१-४४७८१७७
विराटनगर : ९८४२०५९११०
गौर, रौतहट : ९८४५१३५२३४
मलंगवा : ९८०४८२३४११

e-mail:
hitanewz@gmail.com
hitanewz@yahoo.com
Website :
ehimalayatimes.com.np

## सूचना सूचना सूचना

सम्पूर्ण सरकारी गैरसरकारी तथा प्राइभेट संघसंस्थाहरूद्वारा कार्यालयका सूचना/विज्ञापन प्रकाशन गर्न बोलपत्र आह्वान मार्फत माग गरिने दररेट र छुट यस प्रकाशनले उपलब्ध गराउँदै आएको दररेट र छुट भन्दा फरक नपर्ने गरी कारोवार गर्न यो सूचना प्रकाशित गरिएको छ । तसर्थ सूचना/विज्ञापनको दररेट र छुटको लागि अनुमतिपत्र प्राप्त फर्महरूसँग मात्र कारोबार गर्नुहुन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूलाई अवगत गराउँदछौं । आर्थिक बर्ष २०८१/०८२ देखि यस प्रकाशनले उपलब्ध गराएको दररेट र छुटभन्दा अन्यथा वा फरक भएका प्रकाशनलाई प्राप्त हुने सूचना/विज्ञापन प्रकाशन गर्न बाध्य नहुने जानकारी गराउँदछौं । धन्यवाद ।

बजार व्यवस्थापन शाखा
इम्प्रेशन पब्लिकेशन एण्ड मिडिया प्रा.लि
मध्यबानेश्वर, काठमाडौं
सम्पर्क : ०१–४५८५४५५, ४५६६३९३ | फ्याक्स : ०१–४५७८१७७


## सरुमारानी गाउँपालिका, प्यूठानको अनुरोध

१) नहुँदै २० वर्ष पूरा, नगरौं विवाहका कुरा । बाल विवाह कानूनी अपराध मात्र नभई विकास र समृद्धिको बाधक पनि हो, त्यसैले बाल विवाह रोकौं, दाइजो प्रथालाई निरुत्साहित गरौं ।
२) छोरा र छोरी दुवैलाई विद्यालय पठ्न पठाऔं ।
३) जन्म, मृत्यु, विवाह, बसाइँसराई तथा सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई नि:शुल्क दर्ता गराई सभ्य नागरिकको परिचय दिउँ ।
४) जाति, धर्म, वर्ण, लिंगका आधारमा विवाद नगरौं, मिलेर अघि बढौं ।
५) सेवा सुविधा लिनु नागरिकको नैसर्गिक अधिकार हो भने कर शुल्क तिर्नु नागरिकको कर्तव्य हो ।
६) गाउँपालिकालाई बुझाउनु पर्ने कर दस्तुर समयमै बुझाई सभ्य नागरिकको परिचय दिउँ ।
७) वातावरण स्वच्छ र सफा राखौं ।
८) वन जंगलको संरक्षण गरौं, खाली जग्गामा वृक्षारोपण गरौं ।
९) सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
१०) सार्वजनिक सम्पत्ति, सामाजिक तथा साँस्कृतिक सम्पदाको संरक्षण गरौं ।
११) गाउँपालिका भित्र कुनै पनि भौतिक संरचना निर्माण गर्दा अनिवार्य रूपमा गाउँपालिकाको भवन निर्माण मापदण्डमा रही नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गर्नु हुन् सम्पूर्ण गाउँपालिकाबासीहरूलाई अनुरोध छ ।
१२) गाउँपालिकाको अनुमती प्राप्त नगरी भौतिक संरचना निर्माण शुरु गरेको पाइएमा निर्माण कार्य रोक्का गरी संरचना भत्काउने लगायत प्रचलित कानून बमोजिम कारवाही अगाडी बढाइनेछ ।

झग बहादुर विश्वकर्मा — अध्यक्ष
बसन्ता खड्का — उपाध्यक्ष
देविराम पाठक — प्रमुख प्रशासकीय अधिकृत

## शहीदनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

**सुचना प्रकाशित मिति : २०८१/०३/१५**

यस कार्यालयले मिति २०८१/०२/३० गते राष्ट्रिय दैनिक पत्रिका गोराखापत्रमा औषधि तथा औषधिजन्य सामाग्री खरीद गर्नको लागी आह्वान भएको शिलबन्दी दरभाउपत्र सुचना बमोजिम रित पुर्वक दरभाउपत्र दाता बाट पेश भएको शिलबन्दी दरभाउपत्र स्वीकृत गर्न मिति २०८१/०३/१४ गते बसेको खरीद मूल्याङ्कन समितिबाट सिफारीस भएको तपसिल बमोजिमको शिलबन्दी दरभाउपत्र न्युनतम मुल्याङकित भई सारभुत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ ७ (सात) दिने आशयपत्रको सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कार्य विवरण | दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ. कर समेत ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | S.N.P/Health/ SQ/2080/081 | औषधि तथा औषधिजन्य सामाग्री खरीद | श्री जस्मीन मेडिको फर्मा प्रा.ली. जनकपुरधाम १६ , धनुषा । | रु.३९,०९,३४९ (अक्षरेपी उन्नचालिस लाख नौ हजार तिन सय उनपच्चास रुपैया मात्र) | |

प्रमुख प्रशासकीय अधिकृत